कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३(राजश्व उपशाखा)
च.नं.:

कोहलपुर नगरपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल स्थापना : २०७३

## कोहलपुर ११ गोलपार्क स्थित भ्यू टावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापन ठेक्का सम्बन्धी सूचना

**ठेक्का नं – BANKE/KOMUN/G/SQ-02/2082/083**

दोस्रो पटक सूचना प्रकाशित मिति २०८२/०७/२०

यस कोहलपुर ११ गोलपार्क स्थित भ्यु टावर पर्यटन शुल्क संकलन तथा सम्पूर्ण व्यवस्थापनमा १५ वर्षकोलागि संचालन गर्ने कार्यका लागि कोहलपुर नगरपालिकाको सोहौ नगरसभाको निर्णय अनुसार तपशिल बमोजिमको क्षेत्रमा प्रतिस्पर्धात्मक रुपमा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति/फर्म/कम्पनीलाई आय ठेक्काको बोलपत्र सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत दरभाउपत्र पेश गर्ने सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| क.स | विवरण | एकमुष्ठ प्रतिवर्ष न्यूनतम मुल्य (भ्याट सहित) | धरौटि रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गोलपार्क स्थित भ्यु टावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापन | रु.१२,००,०००। (बाह्र लाख) | कबोल अंकको १० प्रतिशत | दरभाउपत्र दस्तुर रु.१०००। फिर्ता नहुने गरि। |

शर्तहरु

१. इच्छुक दरभाउपत्रदाताले फर्म व्यवासय दर्ता/ नवीकरण गरेको प्रमाणपत्र, स्थायी लेखा नम्बर PAN दर्ता, र आ.व.२०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु. १,०००। (एक हजार रुपैया मात्र) दस्तुर बुझाई दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. ई-बिडिङ मार्फत दरभाउपत्र खरिद गर्न दरभाउपत्रदाताले कृषि बिकास बैंक शाखा कार्यालय कोहलपुर स्थित कोहलपुर नगरपालिकाको नाममा रहेको राजश्व खाता नं ०७२५०१०००२३५३६५ मा दरभाउपत्र फाराम दस्तुर बापतको रकम जम्मा गरि सोको सक्कल भौचर तथा माथि उल्लेखित कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश दरभाउपत्र प्राप्त गर्न सकिनेछ। दरभाउपत्र अनलाइन प्रक्रीया (E-bidding)मार्फत मात्र पेश गर्न सकिने छ।

३. तोकिएको म्याद भित्र खरिद गरिएको बोलपत्रहरु मिति २०८२/०८/०५ गते दिनको १२.०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुपर्नेछ।

४. यसरी तोकिएको समय भित्र दाखिला हुन आएका दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन। दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि लगत्तै कार्यालय खुल्ने दिन र समयलाई अन्तिम दिन र समय मानिनेछ।

५. दरभाउपत्र बापतको धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै वा कम्तिमा ७५ दिनको समयावधि भएको मान्यता प्राप्त बैंक बाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्नेछ। दरभाउपत्र मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ।

६. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ। अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३(राजश्व उपशाखा)
च.नं.:

७. आ.व. २०८२/०८३ को भ्युटावर पर्यटन शुल्क संकलन तथा सम्पुर्ण व्यवस्थापनमा कर संकलनको लागि अवधि वि.स.२०९७ असार मसान्त सम्मको लागि हुनेछ।

८. दरभाउपत्र स्वीकृती भई नियमानुसार सम्झौता भईसकेपश्चात कुनै किसिमको छुट माफी वा मिनाहा दिईने छैन।

९. सम्झौता गर्दा मूल्य अभिवृद्धि कर सहितको वार्षिक कबोल अंकको ४० प्रतिशत नगदै धरौटी रकम यस नगरपालिकाको नाममा रहेको कृषि विकास बैंकमा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा दाखिला गर्ने र बाँकि ६० प्रतिशत रकमको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको १३ महिना सम्म म्याद भएको बैंक जमानत राखी वार्षिक रुपमा बैंक ग्यारेन्टी नविकरण गर्ने गरी १५ वर्ष अवधी रहने गरी सम्झौता गरिने छ। साथै मुल्य अभिबृद्धि कर बापतको रकम दोस्रो पक्ष स्वयंले नियमानुसार दाखिला गरी सो को प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ।

१०. दरभाउपत्र मा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ। सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रदातालाई स्वीकृत गरिनेछ।

११. दरभाउपत्रदाताले आफुले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ। यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेक मानिनेछ।

१२. भ्यू टावर प्रवेश शुल्क बापत प्रति व्यक्ति रु.७५ (पचहत्तर रुपैंया) लिन पाइनेछ।

१३. भ्यूटावरको भित्र ईन्टरनेट, सिसिटिभी, सुरक्षा व्यवस्था, बिजुली तथा पानी जडान लगायतको सम्पूर्ण व्यवस्थापन सम्बन्धी जिम्मा पूर्ण रुपमा व्यवस्थापनको ठेक्का प्राप्त गर्ने जिम्मा पाएको पक्षको हुनेछ।

१४. भ्यूटावरको संरचनामा असर नपर्ने गरी भ्यूटावर क्षेत्र भित्र अस्थायी चमेना गृह निर्माण तथा संचालन गर्न पाइनेछ तर भ्यूटावर भित्र मदिरा तथा सुर्तिजन्य पदार्थ निषेधित गरिनेछ।

१५. भ्यूटावर भित्र भ्यूटावरको सुन्दरतालाई असर नपर्ने गरी बालबाटिका निर्माण र संचालन गर्न पाईनेछ।

१६. भ्यूटावर व्यवस्थापनको सम्झौता भएपछि सम्झौता गरेको मितिबाट छ महिना पछि सो सम्झौतामा नगरकार्यपालिकाले पुनर्विचार गर्न सक्नेछ।

१७. भ्यूटावर भित्र कुनै पनि किसिमको मर्मत सम्भार गर्नुपर्ने भएमा दश हजार सम्मको खर्च ठेक्का व्यवस्थापनको जिम्मा पाएको पक्षले व्यहोर्नुपर्नेछ र सो भन्दा बढी खर्च कार्यालयले व्यहोर्नेछ।

१८. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

१९. ठेक्का सम्बन्धी कुनै विषय बुझ्नु परेमा कार्यालय समयभित्र राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

२०. यस सूचनामा उल्लेख नभएको कुराहरु स्थानीय सरकार संचालन ऐन,२०७४ , सार्वजनिक खरिद ऐन (संसोधन समेत),२०६३, सार्वजनिक खरिद नियमावली (संसोधन समेत),२०६४ र अन्य प्रचलित ऐन र कानुन तथा कोहलपुर नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

info@kohalpurmun.gov.np, revenue.section@kohalpurmun.gov.np
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
०८१-५४०००९